बैठक नं.:५७

आज मिति २०७५ साल मङ्सीर २५ गते का दिन यस राप्ती सोनारी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री लाहुराम थारुज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री लाहुराम थारू | अध्यक्ष | |
| २. | श्री धनिकुमारी खत्री | उपाध्यक्ष | |
| ३. | श्री चन्द्र बहादुर वली | १ नं वडा अध्यक्ष | |
| ४. | श्री मदन कुमार वली | २ नं वडा अध्यक्ष | |
| ५. | श्री गंगाराम थारु | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री कान्छा थारु | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री झगरु थारु | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री जनक बहादुर थारु | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री रामलखन थारु | ७ नं वडा अध्यक्ष | |
| १०. | श्री खुम बहादुर बस्नेत | ८ नं वडा अध्यक्ष | |
| ११. | श्री महावीर वली | ९ नं वडा अध्यक्ष | |
| १२. | श्री नैना कुमारी खत्री | कार्यपालिका सदस्य | |
| १३. | श्री मिना कुमारी बिष्ट | कार्यपालिका सदस्य | |
| १४. | श्री लिला नेपाली | कार्यपालिका सदस्य | लिला |
| १५. | श्री दमकला जैसी | कार्यपालिका सदस्य | |
| १६. | श्री पतरी दमाई | कार्यपालिका सदस्य | पतरी |
| १७. | श्री देवराज कुमाल | कार्यपालिका सदस्य | |
| १. | | | |

निर्णय नं. १. यस रासी सोनारी गाँउपालिकामा रिक्त रहेको प्रमुख प्रशासकिय अधिकृत पदमा यसै कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा विद्यालय निरीक्षक( रा.प. तृतिय) पदमा कार्यरत श्री जीवन न्यौपाने लाई निमित प्रमुख प्रशासकिय अधिकृत खटाई दिनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोधका लागि प्रत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. २. यस रासी सोनारी गाँउपालिकाले आ.व. २०७५।०७६ मा संचालन गरि कार्यसम्पन्न भएका योजनाहरु सम्बन्धित प्राविधिकको कार्यसम्पन्न प्रतिवेदनका आधारमा रकम निकासा दिने निर्णय गरियो ।

निर्णय नं. ३. यस रासी सोनारी गाँउसभाले आ.व. २०७५।०७६ का लागि तय गरेका योजनाहरु सम्पन्न गर्नका लागि सम्बन्धित वडा कार्यालयहरुलाई नियमानुसार उपभोक्ता समिति गठनका लागि प्रत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. यस रासी सोनारी गाँउपालिकाले प्रयोग गर्दै आएका भाडाका सवारी साधनहरुको आज मितिः २०७५।०८।२५ गते सम्मको भुक्तानी दिन बाँकि रकम भुक्तिनी दिई मितिः२०७५।०८।२६ देखि अर्को निर्णय नभए सम्मका सवारी साधन भाडामा नलिने निर्णय गरियो ।

निर्णय नं. ५. यस रासी सोनारी गाँउपालिकाको आर्थिक बर्ष २०७५।०७६ को शिक्षा क्षेत्रको बजेट बाट रासी सोनारी गाँउपालिका वडा नं. १ चप्पगौढीमा संचालित श्री जनज्योती प्राथमिक विद्यालयलाई शिक्षण सहयोग अनुदान वाफत पौष महिनाबाट लागु हनुने गरि मासिक रु. १००००।- (दश हजार) का दरले अनुदान रकम दिने निर्णय गरियो ।

२०७५।८।२५